# स्थानीय राजपत्र

**बेसीशहर नगरपालिका नगरकार्यपालिकाद्धारा प्रकाशित**

**खण्ड ८) बेसीशहर, कार्तिक १५ गते, २०८२ साल (संख्या ०७**


**भाग २**

**बेसीशहर नगरपालिका**

**नगर कार्यपालिकाको सूचना**

बेसीशहर नगरपालिकाको मिति **२०८२ कार्तिक १५ गते** को कार्यपालिका बैठकले तल लेखिए बमोजिमको कार्यविधि बनाएकोले सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## बेसीशहर नगरपालिको हलुका सवारी साधन (तीन पाङ्ग्रे) सञ्चालन तथा नियमन सम्बन्धी कार्यविधि, २०८२

बेसीशहर नगरपालिका क्षेत्रभित्रको सार्वजनिक यातायात सुविधालाई सहज, सरल बनाउँदै नगरपालिका क्षेत्रमा सञ्चालन हुने हलुका सवारी साधन (तीनपाङ्ग्रे)को नियमन कार्यलाई थप व्यवस्थित गर्न हलुका सवारी साधन सम्वन्धी प्रचलित नगरपालिकाको कानुनलाई संसोधन र एकिकरण गरि समायनुकूल बनाउन बञ्छानीय भएकोले,

बेसीशहर नगरपालिकाको सार्वजनिक यातायात व्यवस्था ऐन, २०८१ को दफा २७ ले दिएको अधिकार प्रयोग गरी बेसीशहर नगरपालिकाको नगरकार्यपालिकाले देहायको कार्यविधि बनाएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम " बेसीशहर नगरपालिकाको हलुका सवारी साधन (तीन पाङ्ग्रे) संचालन तथा नियमन सम्बन्धी कार्यविधि, २०८२" रहेको छ।

(२) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदखि प्रारम्भ हुनेछ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(१) **"ऐन"** भन्नाले बेसीशहर नगरपालिकाको सार्वजनिक यातायात व्यवस्था ऐन, २०८१ सम्झनुपर्छ ।

(२) **"कार्यविधि"** भन्नाले बेसीशहर नगरपालिकाको हलुका सवारी साधन (तीन पाङ्ग्रे) संचालन तथा नियमन सम्बन्धी सम्बन्धी कार्यविधि, २०८२ सम्झनुपर्छ ।

(३) **"मन्त्रालय"** भन्नाले गण्डकी प्रदेशको सडक यातायात संग सम्बन्धित मन्त्रालय सम्झनुपर्छ ।

(४) **"कार्यालय"** भन्नाले यातायात व्यवस्था कार्यालय सम्झनुपर्छ।

(५) **"नगरपालिका"** भन्नाले बेसीशहर नगरपालिका सम्झनुपर्छ।

(६) **"प्रमुख"** भन्नाले बेसीशहर नगरपालिकाको प्रमुख सम्झनुपर्छ।

(७) **"उपप्रमुख"** भन्नाले बेसीशहर नगरपालिकाको उपप्रमुख सम्झनुपर्छ ।

(८) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले बेसीशहर नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ।

(९) **"सञ्चालन अनुमती"** भन्नाले यस कार्यविधिको दफा ८ बमोजिम नगरपालिकावाट दिइने अनुमति सम्झनुपर्छ ।

(१०) **"वडा अध्यक्ष"** भन्नाले बेसीशहर नगरपालिकाको सम्वन्धित वडाको अध्यक्षलाई सम्झनुपर्छ।

(११) **"सवारी साधन"** भन्नाले नगरपालिकाको यस कार्यविधि बमोजिम संचालन अनुमति प्राप्त गरि बेसीशहर नगरपालिका क्षेत्र भित्र संचाल हुने हलुका सवारी साधन (तीनपाङ्ग्रे) (पेट्रोल/ डिजल/ बिजुली/ ब्याट्रीबाट चल्ने) अटो, रिक्सा लगायतका सवारी साधनलाई सम्झनुपर्छ।

(११) **"समिति"** भन्नाले बेसीशहर नगरपालिकाको सार्वजनिक यातायात व्यवस्था ऐन, २०८१ को दफा १५ बमोजिमको समिति सम्झनुपर्छ।

## परिच्छेद-२

## संख्या, रुट, भाडादर निर्धारण र आलोपालो तोक्ने सम्बन्धी व्यवस्था

३. **संख्या निर्धारणः** (१) नगरपालिका क्षेत्र भित्र सञ्चालन हुने सवारी साधनको संख्या समितिले निर्धारण गर्नेछ ।

(२) समितिले उपदफा (१) बमोजिम संख्या निर्धारण गर्दा यात्रुको चाप, सुविधा, ट्राफिक व्यवस्थापन, बजार व्यवस्थापनको अवस्था जस्ता पक्षको विश्लेषण गरि गर्नुपर्नेछ।

(३) उपदफा (२) बमोजिम निर्धारण गरिएको संख्या समितिले समय समयमा परिवर्तन गर्न सक्नेछ ।

४. **रुट निर्धारणः** (१) यस कार्यविधि बमोजिम सञ्चालन अनुमिति लिई सञ्चालन हुने सवारी साधनहरुको सञ्चालन हुने रुट बेसीशहर नगरपालिका क्षेत्र भित्र मात्र हुनेछ ।

५. **आलोपालो प्रणाली तोक्न सक्नेः** (१) यस कार्यविधि बमोजिम निर्धारण गरीएको संख्या बढी भई स्वरोजगार श्रमिकहरुको आम्दानीमा प्रतिकुल असर परेको, ट्राफिक व्यवस्थापन, बजार व्यवस्थापनमा प्रतिकुल प्रभाव परेको जस्ता कारण पाइएमा समितिले सरोकारवालाहरु समेतको सुझावका आधारमा सवारी साधनलाई आलोपालो प्रणालीको आधारमा सञ्चालन गर्ने गरी तोक्न सक्नेछ।

(२) उपदफा १ बमोजिम आलोपालो प्रणाली जोरविजोर वा समय वा वडागत आधारमा निर्धारण गर्न सकिनेछ।

६. **भाडादरः** (१) सवारी साधनको भाडादर समितिले इन्धनको मूल्य, सडकको अवस्था, दूरी, आदि समेतको विश्लेषण गरी वैज्ञानिक आधारमा निर्धारण गर्नेछ ।

(२) उपदफा (१) बमोजिम निर्धारण गरिएको भाडादर सर्वसाधारणको जानकारीको लागि नगरपालिकाले सार्वजनिक सूचना प्रकाशन गर्नुपर्नेछ।

(३) सवारी धनी तथा चालकले नगरपालिकाबाट निर्धारण भएको भाडादर सूची यात्रुले प्रष्ट देख्ने गरी अनिवार्य रूपमा सवारी साधनमा टाँस गर्नुपर्नेछ ।

## परिच्छेद-३:
## सवारी सञ्चालन अनुमति र पटके इजाजत स्वीकृति

७. **सवारी साधन सञ्चालनका लागि निवेदन आह्वान गर्ने:** (१) नगरपालिका क्षेत्र भित्र  सार्वजनिक यातायातलाई व्यवस्थित र सर्वसुलभ बनाउन सवारी साधन सञ्चालन गर्नको लागि समितिले दफा (३) बमोजिम निर्धारण गरेको संख्यामा सवारी साधन सञ्चालन गर्न चाहने व्यक्तिहरुवाट निवेदन माग गरिनेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन माग गर्दा नगरपालिकाले अनुसूचि-१ बमोजिमको ढाँचामा १५ दिनको सार्वजनिक सूचना प्रकाशन गर्नुपर्नेछ।

(३) उपदफा (२) बमाजिमको सार्वजनिक सूचना नगरपालिकाले आवश्यकता अनुसार समय समयमा प्रकाशन गर्न सक्नेछ ।

(४) उपदफा (२) बमोजिम सूचना प्रकाशन भए पश्चात निवेदन दिन चाहने व्यक्तिले १ प्रति पासपोर्ट साइजको फोटो सहित नेपाली नागरिकताको प्रमाण-पत्रको छायाँ कपि संलग्न राखि नगरपालिकाको कार्यालयमा निवेदन दिनुपर्नेछ ।

(५) समितिले यस दफा बमोजिम प्रकाशित सूचना बमोजिम प्राप्त भएका निवेदनहरु देहाय बमोजिम

प्राथमिकताका आधारमा छानबिन गर्नेछ ।

(क) स्थानीय (नगरपालिकाको क्षेत्र) को बेरोजगार गरिव, सीमान्तकृत, विपन्न, एकल/दलित महिला,

(ख) विदेशवाट फर्किएका र स्वरोजगार हुन चाहने युवा ।

(ग) लमजुङ जिल्लाको स्थायी बासिन्दा ।

(घ) गण्डकी प्रदेशको स्थायी बासिन्दा ।

(ङ) नेपाली नागरिक ।

(६) उपदफा (४) बमोजिमका आधारहरुमा छानविन गरि समितिले निवेदकहरु मध्येवाट तोकिए बमोजिमको संख्यामा निवेदकहरु छनौट गर्नेछ ।

(७) समितिले उपदफा (६) बमोजिम छनौट गर्दा उपदफा (५) बमोजिमका आधारमा प्रतिकुल असर नगर्ने गरी बस्तुगत मापदण्डको तयार गरि सो को आधारमा निष्पक्ष छनौट गर्नुपर्नेछ।

(८) नगरपालिकाले समितिवाट यस कार्यविधि बमोजिम छनौट भएका सफल र बैकल्पिक निवेदकहरु समेत समावेश गरी अन्तिम सूची प्रकाशन गर्नेछ ।

(९) उपदफा (८) बमोजिम सूचना प्रकाशन भएको मितिले ६० (साठी) दिनको अवधिभित्र सवारी खरिद गरी तोकिएको दस्तुर वुझाई आवेदकले सञ्चालन अनुमतिका लागि अनुसूची २ को ढाँचामा निवेदन पेश गरिसक्नुपर्नेछ ।सो समय भित्र निवेदन पेश नगरेमा नगरपालिकाले निजलाई उक्त

सुचीवाट हटाई क्रमश वैकल्पिक निवेदकलाई सवारी साधन सञ्चालन अनुमतिको लागि निवेदन पेश गर्न सुचित गर्नेछ ।

(१०) उपदफा (९) बमोजिम निवेदन पेश गर्दा निवेदनकर्ताले देहाय बमोजिमका कागजात संलग्न गर्नुपर्नेछ ।

(च) नेपाली नागरिकताको प्रमाण पत्रको छायाँ प्रति १(एक),

(छ) सवारी धनि प्रमाण पत्रको छायाँकपि १(एक),

(ज) पासपोर्ट साइजको फोटो २ प्रति,

(झ) पुर्ण विमालेख (कम्प्रिहेन्सिभ इन्सुरेन्स) गरेको प्रमाणको छायाँ प्रति १(एक) ।

८. **सञ्चालन अनुमति :** (१) दफा (७) को उदफा (९) बमोजिम पेश भएको निवेदनका सम्वन्धमा सवारी साधनको भौतिक अवस्था, तोकिएको मापदण्ड र कागजातहरू चेकजाँच गरी नगरपालिकाले अनुसूची-३ बमोजिमको सञ्चालन अनुमती प्रमाण-पत्र र अनुसूची-४ बमोजिमको स्टिकर प्रदान गरि अनुसूची ५ बमोजिमको सवारी साधन सञ्चालन अनुमति अभिलेख राख्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रदान गरिएको सवारी साधन सञ्चालन अनुमतिको अवधि सोही आर्थिक वर्षसम्म रहनेछ ।

(३) उपदफा (१) बमोजिम प्राप्त गरेको सञ्चालन अनुमति पत्र सवारी धनिले सुरक्षित राखि प्राप्त स्टिकर सवारी साधनमा प्रष्ट रुपमा देखिने गरी तत्काल टाँस्नुपर्नेछ।

(४) कुनै पनि सवारी साधनले नगरपालिकावाट प्राप्त गर्ने सञ्चालन अनुमति पत्र र स्टीकरको दुरुपयोग गर्न पाउने छैन ।

९. **सवारी काम नलाग्ने गरी नासिएमा/हराएमा सोही नम्बरमा नयाँ सवारीलाई सञ्चालन अनुमति दिन सकिनेः** (१) नगरपालिकावाट साविकमा सञ्चालन अनुमती लिएका कुनै सवारी साधन काम नलाग्ने गरी नासिएमा वा नभेटिने गरी हराएमा वा बेसीशहर नगरपालिकामा पुनः सञ्चालन नहुने गरि विक्रिवितरण भएमा सवारीधनीले सोही सवारीसाधनको ठाउँमा नयाँ सवारी सञ्चालन अनुमति लिन चाहेमा नासिएको र हराएको हकमा स्थानीय प्रहरी कार्यालयको सरजमिन मुचुल्का, स्वघोषणा पत्र र बिमा गरेको निकायको पत्र र विक्रिवितरण भएको हकमा साविकमा अनुमति प्राप्त सवारी साधन नगरपालिका क्षेत्रमा पुन सञ्चालन हुन नसक्ने आधार राखी अनुसूची-२ बमोजिमको ढाँचामा कार्यालयमा निवेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको दरखास्त पर्न आएमा सवारी साधनको मोटर र चेसिस पुनः प्रयोग हुन नसक्ने गरी नष्ट भएको देखिएमा वा नगरपालिका भित्र पुन सञ्चालन हुन नसक्ने गरि विक्रि/वितरण गरेको पाइएमा मात्र साविकको सञ्चालन अनुमति खारेज/लगतकट्टा गरी सोही सञ्चालन अनुमति नं. कायम गरी अनुसूची ५ बमोजिमको लगतमा समेत जनाई नयाँ सवारी साधन सञ्चालनको लागि अनुसुची ३ बमोजिमको ढाँचामा अनुमती-पत्र र सोही नं. को स्टिकर प्रदान गरिनेछ।

१०. **अन्यत्र दर्ता भएका सवारी साधन सञ्चालनमा रोकः** (१) नगरपालिका क्षेत्र भित्र सञ्चालनका लागि यस नगरपालिकाबाट सञ्चालन अनुमति नलिएका तीन पाङ्ग्रे सवारी साधन सञ्चालनमा पूर्ण बन्देज गरीनेछ। तर, अन्य स्थानीय तहमा सञ्चालन अनुमति प्राप्त सवारी साधनले बिरामी उपचारका लागि लिएर आएको अवस्था वा आपत्कालिन अवस्था बाहेक पटके बाटो इजाजत पत्र विना नगरपालिका क्षेत्र भित्र सवारी साधन प्रवेश गर्न पाउने छैन।

११. **पटके बाटो इजाजत पत्रः** (१) यस नगरपालिका भित्र सञ्चालन हुने गरि सञ्चालन अनुमति प्राप्त गरेका सवारी साधन अन्य स्थानीय तहमा एक पटक गएर फर्किन वा नगरपालिका सँग सिमाना जोडीएका अन्य स्थानिय तहमा सञ्चालन हुने गरि सोही स्थानीय तहवाट सञ्चालन अनुमति प्राप्त सवारीले एक पटक यस नगरपालिकामा आएर फर्किनको लागि पटके बाटो इजाजत लिन तोकिएबमोजिमको दस्तुर सहित अनुसूची-६ बमोजिमको ढाँचामा नगरपालिकामा दरखास्त दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन पर्न आएमा नगरपालिकाले आवश्यक जाँचबुझ गरी अनुसूची-७ बमोजिमको पटके बाटो इजाजत-पत्र दिनेछ ।

(३) दफा १) मा जे लेखिएको भएता पनि पटके वाटा इजाजत पत्रको लागि सिमाना जोडिएका कुनै एक स्थानीय तहवाट लिन वाधा पर्ने छैन।

## परिच्छेद-४:
## नवीकरण, नामसारी तथा दर्ता खारेजी

१२. **सञ्चालन अनुमति पत्र नवीकरणः** (१) सवारी साधन सञ्चालन अनुमती पत्र नविकरणका लागि हरेक वर्षको असोज मसान्त भित्र नगरपालिकामा तोकिए बमोजिम दस्तुर जम्मा गरी अनुसुची-८ बमोजिमको निवेदन दिनु पर्नेछ।

(२) दफा (१) बमोजिम निवेदन पेश गर्दा यातायात कार्यालयमा सवारी धनि दर्ता प्रमाण-पत्र नविकरण भएको प्रमाण, सवारी सहितको (कम्प्रिहेन्सिभ इन्सुरेन्स) विमा गरेको प्रमाण पेश गर्नुपर्नेछ ।

(२) नवीकरणका लागि निवेदन दिँदा सम्बन्धित सवारी साधन अनिवार्य रुपमा नगरपालिकामा उपस्थित गराई चेकजाँच गराउनु पर्नेछ।

(३) नगरपालिकाबाट खटिएको प्राविधिक वा सम्बन्धित कर्मचारीवाट सवारी साधनको भौतिक अवस्था, स्टिकर, रङ्ग र कागजातहरू चेकजाँच गर्दा उपयुक्त देखिएमा मात्र सञ्चालन अनुमति पत्र नवीकरण गरिनेछ।

(४) तोकिएको म्याद नाघे पछि नवीकरण गराउन निवेदन प्राप्त भएमा नगरपालिकाले आर्थिक ऐनमा तोकिए बमोजिम थप दस्तुर लिई नविकरण गरिदिनेछ ।

(५) यस कार्यविधि बमोजिम जारी भएको सवारी साधन सञ्चालन अनुमति पत्र नविकरण गर्न आउँदाका वखत कुनै सवारी साधनको स्वामित्व हस्तान्तरण भइसकेको तर सञ्चालन अनुमति पत्र नामसारी नभएको अवस्थामा दफा (१३) बमोजिम नामसारी गरेर मात्र नविकरण गर्न सकिनेछ

।

**१३. सवारी साधनको नामसारी :** (१) नगरपालिका क्षेत्र भित्र नै सञ्चालन हुने गरि सवारी साधन बिक्री-वितरण वा अन्य कुनै कारणवाट कानुन बमोजिमको निकायवाट सवारी धनि प्रमाणपत्र नामसारी भई यस कार्यविधि बमोजिम प्रदान गरिएको सञ्चालन अनुमति नामसारीको लागि तोकिए बमोजिमको दस्तुर जम्मा गरि अनुसुची ९ बमोजिमको ढाँचामा निवेदन पेश भएमा पेश भएको निवेदन उपर छानबिन गरी उपयुक्त देखिएमा सञ्चालन अनुमति नामसारी गरिदिन सक्नेछ।

(२) उपदाफा १ बमोजिम नामसारी गरिएको सवारी साधनको अभिलेख अनुसूचि ४ बमोजिमको सञ्चालन अनुमति पत्र र अनुसूची ५ बमोजिमको सवारी साधन सञ्चालन अनुमति लगत विवरण पुस्तिकामा जनाउनु पर्नेछ ।

**१४. सवारी साधन नामसारी नहुनेः** (१) दफा १३ मा जुनसुकै कुरा लेखिएको भएता पनि कुनै व्यक्तिको नाममा दर्ता रहेको सवारी साधन दुर्घटना वा अन्य कारणबाट क्षतिग्रस्त भई त्यस्तो सवारी साधनको मोटर र चेसिस दुवै बिग्रिई काम नलाग्ने अवस्थामा रहेछ भने त्यसरी बिग्रिएको अवस्थामा सवारी साधन नामसारी हुने छैन ।

(२) प्रचलित कानून बमोजिम सवारी साधन नामसारी रोक्का भएको वा कुनै प्रमाणको स्वामित्व सम्बन्धी विवाद परी हक वेहक छुटयाउनु पर्ने अवस्थामा वा अन्य कारणबाट अदालतमा मुद्धा परी बिचाराधिन अवस्थामा रहेछ

भने त्यस्तो मुद्धाको अन्तिम किराना नलागेसम्म त्यस्तो सवारी साधनको नामसारी हुने छैन।

**१५.** सञ्चालन अनुमति खारेजी (लगतकट्टा): सवारी धनीले आफ्नो सवारी साधन नगरपालिका क्षेत्र भित्र सञ्चालन गर्न नचाहेमा, सवारी साधन दुर्घटना वा अन्य कारणबाट क्षतिग्रस्त भई त्यस्तो सवारी साधनको मोटर र चेसिस दुवै बिग्रिई काम नलाग्ने अवस्थामा, नगरपालिका क्षेत्रभित्र सञ्चालन नहुने गरि नामसारी भई गएमा वा अन्य कुनै कारणले सञ्चालन अनुमति खारेजीको लागि अनुसूची -१० को ढाँचामा निवेदन दिएमा प्रचलित कानून बमोजिम लगतकट्टा गरिदिनुपर्ने छ।

## परिच्छेद-५:
## चालकको मापदण्ड तथा सञ्चालन

**१६.** चालकको योग्यता: (१) तीन पाङ्ग्रे सवारी साधन चलाउने चालक प्रचलित कानून बमोजिमको चालक अनुमति पत्र प्राप्त गरेको हुनुपर्नेछ।

**१७.** **यात्रु तथा भाडा:** (१) सवारी साधनमा सिट क्षमताभन्दा बढी यात्रु राख्न पाइने छैन।

(२) सवारी धनी वा चालकले यात्रुसँग अभद्र व्यवहार गर्न वा तोकिएको भाडादरभन्दा बढी भाडा लिन पाइने छैन।

## परिच्छेद-६ः विविध

**१८. सवारी साधन सञ्चालन अनुमति पत्रको प्रतिलिपि सम्वन्धिः** (१) दर्ताको प्रमाण-पत्र हराएमा, च्यातिएमा, झुत्रो भई नबुझिने भएमा वा अन्य कुनै कारणबाट नासिएमा सो सवारी साधनको सञ्चालन अनुमति पत्रको प्रतिलिपि आवश्यक परेमा सम्बन्धित सवारी साधन धनीले आर्थिक ऐनमा तोकिए बमोजिमको दस्तुर सहित अनुसूची-११ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ तर हराएको वा नासिएको हकमा भने ट्राफिक प्रहरी कार्यालयको सिफारिस संलग्न गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन पर्न आएमा त्यस्तो निवेदनको सम्बन्धमा नगरपालिकाले आवश्यक जाँचवुझ गरी दरखास्तवालाको माग बमोजिम सञ्चालन अनुमति पत्रको प्रतिलिपि दिनु पर्नेछ।

**१९. अनुमति पत्र वा स्टिकरको अनाधिकृत प्रयोग तथा बिक्री-वितरणः** (१) कुनै सवारी धनीले आफ्नो सवारीको नाममा प्राप्त गरेको सञ्चालन अनुमति पत्र वा स्टिकर, अर्कै सवारी साधनमा प्रयोग गरेको, बिक्री-वितरण गरेको वा अन्य कुनै तरिकाले अनाधिकृत प्रयोग गरेको पाइएमा, निजलाई आर्थिक ऐन बमोजिम जरिवाना गरी निजको नाममा रहेको सञ्चालन अनुमति तत्काल खारेज गरिनेछ।

(२) उपदफा (१) बमोजिम अनाधिकृत रूपमा प्रयोग गरिएको स्टिकर/अनुमति पत्र अनाधिकृत ढंगवाट प्रयोग गर्न दिने र प्रयोग गर्ने दुवै सवारी साधनलाई आर्थिक ऐनमा तोकिए

बमोजिमको जरिवाना गरि नगरपालिका क्षेत्रभित्र सञ्चालन गर्न स्थायी रूपमा रोक लगाइनेछ।

२०. **सञ्चालन अनुमति पत्रको निलम्बनः** यस कार्यविधि वा प्रचलित कानूनको बारम्बार उल्लङ्घन गरेको पाइएमा समितिले सवारी साधनको सञ्चालन अनुमति पत्र निश्चित अवधिका लागि निलम्बन गर्न सक्नेछ।

२१. **जरिवाना सम्वन्धिः** (१) समितिले निर्धारण गरेको भाडादर भन्दा बढी भाडा लिएमा, तोकिएको स्थानमा पार्किङ नगरेमा, वा चालकले यात्रुसँग र अनुगमन खटिएका कर्मचारी/पदाधिकारीलाई अभद्र व्यवहार गरेमा आर्थिक ऐन वा प्रचलित कानूनमा तोकिए बमोजिम जरिवाना गरिनेछ ।

(२) सञ्चालन अनुमति सवारी धनि वा चालकले पटक पटक उपदफा (१) बमोजिमको व्यवहार गरेमा समितिले त्यस्तो सवारी साधनको सञ्चालन अनुमति निलम्बन वा खारेज गर्न सकिनेछ।

२२. **कार्यविधिको पालनाः** यस कार्यविधि बमोजिम सञ्चालन अनुमति प्राप्त सबै सवारी धनी र चालकले यस कार्यविधि र अन्य प्रचलित कानूनको पूर्ण पालना गर्नु पर्नेछ।

२३. **बाधा अडकाउ फुकाउनेः** यस कार्यविधि कार्यान्वयनमा कुनै बाधा अड्काउ आइपरेमा नगर कार्यपालिकाले आवश्यक निर्णय गरी बाधा अड्काउ फुकाउन सक्नेछ।

२४. **संशोधन र थपघटः** नगर कार्यपालिकाले आवश्यकता अनुसार यस कार्यविधिमा संशोधन वा थपघट गर्न सक्नेछ।

२५. **विविधः** यस कार्यविधिमा उल्लेख नभएका विषयहरू प्रचलित कानून र नगर कार्यपालिकाको निर्णय बमोजिम हुनेछ।

२६. **बचाउ र खारेजी** : (१) यो कार्यविधि प्रारम्भ हुनुभन्दा अगाडि नगरपालिकावाट सञ्चालन अनुमति पत्र प्राप्त गरि नगर पालिका क्षेत्रमा सञ्चालनमा रहेका सवारी साधनहरू यो कार्यविधि लागू भए पश्चात यसै कार्यविधि बमोजिम सञ्चालन भएको मानिनेछ ।

(२) बेसीशहर नगरपालिकाको सवारी साधन (तीन पाङ्ग्रे/चार पाङ्ग्रे) सञ्चालन तथा नियमन सम्वन्धि निर्देशिका, २०७८ खारेज गरिएको छ ।

अनुसूची-१

दफा ७ को उपदफा (२)  सँग सम्बन्धित

सवारी साधन सञ्चालन अनुमतीको लागि नगरपालिकावाट प्रकाशन गर्ने सूचनाको ढाँचा

तीन पाङ्ग्रे सवारी साधन (अटो/ई-रिक्सा) सञ्चालनका लागि अनुमति लिन निवेदन आह्वान सम्बन्धी सूचना

(सूचना प्रकाशन मितिः२०.../...../)

प्रस्तुत विषयमा बेसीशहर नगरपालिकाको सार्वजनिक यातायात व्यवस्था ऐन, २०८१ तथा तीन पाङ्ग्रे सवारी साधन व्यवस्थापन कार्यविधि, २०८२ बमोजिम नगर क्षेत्रभित्र व्यवस्थित यातायात सेवा प्रदान गर्नका समितिको निर्णय बमोजिम बेसीशहर नगरपालिका भित्र सञ्चालन हुने साना सवारी (तीन पाङ्ग्रे) साधको कुल संख्याको सिमा ............. निर्धारण गरिएकोले थप ..........साना सवारी (तीन पाङ्ग्र) साधनलाई सञ्चालन अनुमति प्रदान गर्न लागिएको हुँदा उक्त सीमा भित्र नयाँ सवारी साधन खरिद गरी सञ्चालन गर्न चाहने इच्छुक व्यक्ति वा संस्थाबाट यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र नगरपालिकाको कार्यालयमा निवेदन पेश गर्न आह्वान गरिएको छ।

तपसिल

१) नेपाली नागरिकता प्रमाण पत्रको छायाँकपी १

२) विदेशवाट फर्किएको भए सो को प्रमाणको छायाँकपी १

३) वडा कार्यालयको सिफारिस पत्र

४) एकल महिला/विपन्न नागरिक भए सो को प्रमाण

अनुसूची-२

दफा (७) को उपदफा (९) र दफा (९) उपदफा (२) सँग सम्बन्धित

सवारी साधन सञ्चालन अनुमती माग गर्न दिइने दरखास्त

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,
बेसीशहर नगरपालिका ,
नगर कार्यपालिकाको कार्यालय,
बेसीशहर, लमजुङ ।

विषय : सवारी सञ्चालन अनुमति पाउँ ।

बेसीशहर नगरपालिको क्षेत्र भित्र सञ्चालन हुन पाउने गरि मेरो/हाम्रो नाममा खरिद भएको/प्राप्त भएको/झिकाएको/नामसारी भएको निम्न विवरण भएको सवारी साधन सञ्चालन अनुमति शुरु/स्थान्तरण/नामसारी गराउनका लागि लाग्ने दस्तुर र चाहिने अन्य कागजात प्रमाणहरु यसै साथ राखी पेश गरेको छु/छौं । उक्त सवारी साधन जाँच गरी मेरो/हाम्रो नाममा सवारी सञ्चालन गर्न पाउन दरखास्त दिएको छु/छौं।

१. सञ्चालन अनुमति माग गर्ने(व्यक्ति, फर्म, कम्पनी वा संस्था) को नाम, थरः-

२. ठेगानाः- (क) स्थायीः-
(ख) अस्थायीः-

३. पिता वा पतिको नाम थर (व्यक्ति भएमा):-

४. सवारी सञ्चालन अनुमति पत्र नं. (साविकको):-

५. सवारी साधनको किसिमः-

६. सवारी साधन बनाउने कम्पनीको नामः-

७. सवारी साधनको मोडेल नं. (निर्माण भएको साल):

८. सवारी साधनको क्षमता.:-

९. सवारी साधनको चेसिस नं.:-

१०. सवारी साधनको रङ्गः-

११. सवारी साधनमा भएको इलेक्ट्रोनिक संचारको उपकरण (रेडियो, क्यासेट, टेलिफोन आदि)

१२. सवारी साधनको वजन क्षमताः- (क) कुल वजनः-

(ख) भारवहन क्षमताः-

(ग) सिट संख्याः-

१३. प्रयोगः-

१४. चलाउने क्षेत्रः-

१७. अन्य प्रमाणपत्रको विवरणः-

१८. सञ्चालन अनुमतिको प्रकारः नयाँ/पुरानो/नामसारी

१९. अन्य व्यहोरा केही भएमाः

.............................................

दरखास्तवालाको

सहीः-

नाम, थरः-

ठेगानाः-

मितिः-

---

कार्यालय प्रयोजनको लागि

सवारी साधन निरीक्षणको व्यहोराः-

सवारी साधन नं. ..........                                    मो. नं. ..........

चे.न. .....................

अन्य व्यहोरा भए

खुलाउने...............................................................................

......

.....................

निरीक्षण गर्ने कर्मचारीको सही

प्रदान गरीएको सञ्चालन अनुमति पत्र नं.:-

अनुमति प्रदान गरिएको मितिः-

माथि उल्लेखित सम्पूर्ण विवरणहरुका साथै प्राविधिक प्रतिवेदनबाट साना सवारी (तीन पाङ्ग्रे) साधन सञ्चालन अनुमति प्रदान गर्न उपयुक्त देखिएकोले निर्णयार्थ पेश गर्ने।

..........................

.....................................

फाँटवालाको सही                                    दर्ता गर्ने अधिकारीको सही

अनुसूची-३

(दफा ८ को उपदफा (१) सँग सम्बन्धित)

सवारी साधन सञ्चालन अनुमति पत्रको ढाँचा

बेसीशहर नगरकार्यपालिकाको कार्यालय

बेसीशहर, लमजुङ

गण्डकी प्रदेश

| सवारी साधन धनीको फोटो |
|---|

सवारी साधन सञ्चालन अनुमित पत्र नं. ...................

सवारी साधनको किसिमः .................

सवारी दर्ता नं. र दर्ता गर्ने कार्यालयः

यात्रु सिट संख्याः

चेसिस नं.: इन्जिन नं.

मोडलः बनेको सालः

अनुमित प्रदान मितिः ..............................

सञ्चालन अनुमतिको क्षेत्रः

सवारी साधन धनीको नाम थर, वतनः ............................

सवारी साधन धनीको हस्ताक्षरः

अनुमति प्रदान गर्ने अधिकारीको

हस्ताक्षरः ....................

नामः

पदः

मितिः.................

नामसारी भएको मितिः

सवारी साधन धनीको नाम थर, वतनः ............................

सवारी साधन धनीको हस्ताक्षरः

अनुमति नामसारी गर्ने अधिकारीको

हस्ताक्षरः ....................

नामः

पदः

मितिः.................

साना सवारी (तीन पाङ्ग्रे) साधन सञ्चालन नवीकरण विवरण

| क्र.सं. | नविकरणको मिति | नविकरण कायम रहने मिति | रसिद नं. र रकम | नविकरण गर्ने अधिकारीको हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

**पछाडिको आवरण**

**सवारी धनी तथा सवारी चालकले पालन गर्नुपर्ने शर्त तथा नियमहरू**

- सवारी धनीले प्रचलित कानुन बमोजिम अनिवार्य रूपमा यातायात तथा पुर्ण विमालेख (कम्प्रिहेन्सिभ इन्सुरेन्स)  बीमा गर्नु पर्नेछ ।
- निषेधित क्षेत्रमा सवारी सञ्चालन गर्न र पार्किङ गर्न पाइने छैन ।
- नगरपालिकावाट सञ्चालन अनुमति नलिएका वा अनुमति पत्र नवीकरण नगरेका सवारी साधन सञ्चालन गर्न पाइने छैन ।
- मादक पदार्थ वा लागू औषध सेवन गरी सवारी सञ्चालन गर्न पाइने छैन ।
- तोकिएको सिट क्षमता भन्दा वढी यात्रु संख्या वोक्न पाइने छैन ।
- नगरपालिकाले उपलब्ध गराएको सञ्चालन अनुमति पत्र तथा सञ्चालन अनुमति नम्वमको अनाधिकृत प्रयोग गर्न पाइने छैन ।
- नगरपालिकाले सूचना प्रकाशन गरि तोकेको भाडा दर भन्दा वढी भाडा लिन पाइने छैन ।
- यात्री सङ्ग मर्यादित व्यवहार गर्नुपर्छ । सवारी साधनमा यात्रुको झोला लगायका
  सामानहरू हराउन गई फेला परेमा नजिकको प्रहरी चौकीमा सुरक्षित सुपुर्द गर्नुपर्छ ।

अनुसूची-४

(दफा ६ को उपदफा (३) सँग सम्बन्धित)

<u>पालिकाले दिइने सवारी साधनको नम्बर प्लेटको कोड र सङ्केत (अङ्क र अक्षरमा)</u>

स्टिकरको ढाँचा

उदाहरणार्थः बेसीशहर नगरपालिकावाट अनुमति प्राप्त भई सञ्चालन हुने साना सवारी साधनलाई नगरपालिकावाट प्रदान गरिएको सवारी सञ्चालन अनुमति नम्बर ००१ शुरु भएको स्टिकर टाँस्ने

## अनुसूची-५

(दफा ६ को उपदफा (४) सँग सम्बन्धित)

सवारी साधन सञ्चालन अनुमति<br>नम्बर-<br>सवारी साधनको किसिम-<br>सवारी साधनको दर्ता मिति-

## सवारी साधन दर्ता किताब

### बेसीशहर नगरपालिका को कार्यालय
### बेसीशहर, लमजुङ
### गण्डकी प्रदेश

सवारी साधन धनीको फोटो

| १ | २ | ४ | ५ | | ६ | | ७ | ८ | ९ | १० |
|---|---|---|---|---|---|---|---|---|---|---|
| सवारी साधनको विस्तृत विवरण | सवारी साधन धनीको नाम थर र ठेगाना | सवारी साधन धनीको दस्तखत | सवारी साधनको नामसारी | | सवारी साधनको सञ्चालन अनुमित प्र.प. को नवीकरण | | दस्तुर बुझाएको रसिद नम्बर र मिति | चढाउने वा फाँटवालाको दस्तखत | सवारी साधन दर्ता नामसारी वा नवीकरण प्रमाणित गर्ने अधिकृतको दस्तखत | कैफियत |
| | | | बिक्री गर्नेको सही | खरिद गर्नेको सही | नवीकरण मिति | म्याद पुग्ने मिति | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १. सवारी साधनको नम्बर-<br>२. सवारी साधन दर्ता मिति-<br>३. सवारी साधनको मोडेल वा निर्माण भएको वर्ष-<br>४. बनाउने कम्पनी-<br>७. कुल बजन-<br>८. बजन क्षमता सिट वा बोक्ने क्षमता-<br>(क) सिट सङ्ख्या-<br>(ख) बजन क्षमता-<br>१०. इन्जिन नम्बर- | | | | | | | | | | |

सवारी साधन सञ्चालन अनुमति लगत विवरण पुस्तिका

# अनुसूची-६

(दफा ११ को उपदफा (१) सँग सम्बन्धित)

## पटके बाटो इजाजत पत्रको लागि दिइने दरखास्त

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,
बेसीशहर नगरपालिका ,
नगर कार्यपालिकाको कार्यालय,
बेसीशहर, लमजुङ ।

विषय : पटके बाटो इजाजत पत्र पाउँ ।

निम्न विवरण भएको सवारी साधनलाई ................. स्थानीय तहमा गई आउनु पर्ने भएको/बेसीशहर नगरपालिका क्षेत्र भित्र प्रवेश गर्नु पर्ने भएको हुँदा पटके बाटो इजाजत पत्र पाउनका लागि लाग्ने दस्तुर र आवश्यक कागजात समेत राखी दरखास्त दिएको छु/छौ नियमानुसार पटके बाटो इजाजत पत्र पाऊँ ।

१. सवारी साधन धनीको नाम र ठेगानाः-

४. सवारी साधन सञ्चालन अनुमति पत्रको विवरणः-
   (क) सञ्चालन अनुमति पाएको स्थानीय तह-
   (ख) सञ्चालन अनुमति नं.-
   (ग) बहाल अवधिः-

६. पटके बाटो इजाजत पत्र लिनु पर्ने कारण वा उद्देश्यः-
   ( के कार्यको लागि जाने/आउने हो सो खुलाउने)

७. दस्तुर रकमः-

८. अन्य विवरणः-

दरखास्तवालको

सहीः-
नाम थरः-
ठेगानाः-
मितिः-

अनुसूची-७

(दफा ११ को उपदफा (३) सँग सम्बन्धित)

पटके बाटो इजाजत पत्र

इजाजत पत्र नं.-

मितिः-

१. सवारी साधन धनीको नाम, थर र ठेगानाः-

२. सवारी सञ्चालन अनुमति पत्र नं.

४. पटके बाटो स्थानीय तह- ........................... देखी ............................ सम्म

५. जाने/आउने पटकः-

५. पटके बाटो इजाजत पत्रको वाहल अवधिः मिति ................. देखि ................. सम्म

६. पटके बाटो लिएको दूरीः-

७. बुझाएको दस्तुर रकमः-

८. सेवा सञ्चालनका शर्त (केही भए)-

९. अन्यः-

..................................

..........................................

इजाजत पत्र बुझ्नेको सही इजाजतपत्र दिने अधिकारीको सही

अनुसूची- ८

दफा १२ को उपदफा (१) सँग सम्बन्धित

<u>सवारी साधनको सञ्चालन अनुमति पत्र नवीकरण गराउन दिइने दरखास्त</u>

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,
बेसीशहर नगरपालिका ,
नगर कार्यपालिकाको कार्यालय,
बेसीशहर, लमजुङ ।

विषय : सवारी साधनको दर्ता प्रमाण-पत्र नवीकरण गरी पाउँ ।

मेरो/हाम्रो नाममा दर्ता भएको निम्न विवरण भएको सवारी साधन सञ्चालन अनुमति पत्र नवीकरणको लागि लाग्ने दस्तुर र अन्य आवश्यक कागजात यसै साथ संलग्न गरी दरखास्त दिएको छु/दिएका छौं । नियमानुसार नविकरण गरी पाउ ।

१. सवारी साधन दर्ता नं.-
२. सवारी सञ्चालन अनुमति पत्र नं.
३. सवारी साधन धनीको नाम थरः-
४. सञ्चालन अनुमति पत्र नवीकरण म्याद समाप्त भएको मितिः-
५. सञ्चालन अनुमति प्रमाण-पत्र नवीकरण गर्नु पर्ने अवधिः-
६. पुर्ण विमालेख (कम्प्रिहेन्सिभ इन्सुरेन्स) बिमा वहाल अवधिः
७. सञ्चालन अनुमति पत्र नविकरणको लागि वुझाएको दस्तुर र रसिद नं.ः
८. अन्यः

दरखास्तवालाको

सहीः-

नाम, थरः-

ठेगानाः-
मितिः-

**कार्यालय प्रयोजनको लागि**

नवीकरण गरेको मितिः-
नवीकरण गरेको अवधिः-

................ .....................

.....................
जाँचबुझ गर्ने फाँटवालाको सही नवीकरण गर्ने
कर्मचारीको सही अधिकारीको सही

अनुसूची-९

(दफा १३ को उपदफा (१) सँग सम्बन्धित)

<u>सवारी साधन सञ्चालन अनुमति नामसारी गराउन दिइने दरखास्त</u>

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,
बेसीशहर नगरपालिका ,
नगर कार्यपालिकाको कार्यालय,
बेसीशहर, लमजुङ ।

विषयः- नामसारी गरी पाउँ ।

लिखितम ........................................ नाममा दर्ता भई हक भोगमा रहेको चेसिस नं.................... मोडेल नं................भएको .....................नं. को सवारी साधन मैलै /हामीले खरिद/लिलाम सकार गरि .............................................. कार्यालयवाट समेत मेरो नाउँमा उक्त सवारी साधन नामसारी भई आएकोले उल्लेखित विवरणको सवारी साधनको नाउँमा दर्ता रहेको सवारी सञ्चालन अनुमति पत्र म/हामीहरुको नाममा नामसारी गरी दिनु हुन अनुरोध गर्दछु/गर्छौं । माथिको व्यहोरा ठिक साँचो हो, फरक परेमा कानून बमोजिम सहुँला/बुझाउँला ।

सवारी साधन सञ्चालन अनुमित पत्र नं. ...................
सवारी सञ्चालन अनुमति पत्र नविकरण वाहल रहेको समयः
सवारी साधनको किसिमः .................
सवारी दर्ता नं. र नामसारी गर्ने कार्यालयः
यात्रु सिट संख्याः
चेसिस नं.: इन्जिन नं.
मोडलः बनेको सालः

औंठा छाप

| दाँया | बाँया |
|---|---|
| | |

निवेदन दिनेको
सहि:-
नाम, थर:-
वर्ष:-
ठेगाना:-प्रदेश .......... जिल्ला .......
गा.पा./न.पा./उ.म.न.पा./म.न.पा.
वडा नं.- टोल:-

फोन/मोवाइल नं.-
बाबु/पतिको नाम:-

बाजेको नाम:-

कार्यालय प्रयोजनको लागि

पेश भएका कागज पत्रहरु:-

१. निवेदन दिने नेपालि नागरीकता प्रमाण पत्रको छायाँकपि १
२. निवेदकको नाउँमा सवारी साधन नामसारी भएको व्यहोरा खुलेको कागजातको छायाँकपि:
३. नगरपालिकावाट प्राप्त सञ्चालन अनुमति पत्र,
४. सञ्चालन अनुमति पत्रको म्याद कायम रहेको देखिने कागजात
५. नामसारीको लागि बुझाएको दस्तुर रसिद नं............ र मिति....................
६. अन्य प्रमाणहरु:-

सवारी साधन जाँच प्रतिवेदनको व्यहोरा
...........................................................

उपर्युक्त बमोजिम सवारी साधनको जाँच गर्दा तोकिए बमोजिम पाइएको र माथि उल्लेखित कागजपत्रहरु समेत पेश गरी सकेको हुँदा नामसारी गरीदिन पेश गरेको छु ।

फाँटवालाको
सहीः-
नाम, थरः-
मितिः-

नामसारी सदर गरी प्रमाणित गरीदिने अधिकारीको

सहीः-
नाम, थरः-
मितिः-

द्रष्टव्य :- उपर्युक्त बमोजिम नामसारी दरखास्त फारम नेपाली कागजमा छपाइएको हुनु पर्नेछ ।

अनुसूची-१०

(दफा १५ को (१) सँग सम्बन्धित)

<u>सञ्चालन अनुमति पत्र खारेजी (लगत कट्टा) गर्न दिइने दरखास्त</u>

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,
बेसीशहर नगरपालिका ,
नगर कार्यपालिकाको कार्यालय,
बेसीशहर, लमजुङ ।

विषय : सवारी साधन सञ्चालन अनुमति पत्र खारेजी (लगत कट्टा) गरी पाउँ ।

मेरो/हाम्रो नाममा यस पालिकामा दर्ता भएको निम्न अनुसारको सवारी साधन बिग्रि/नासि/हराइ/विक्रि गरि यस नगरपालिकामा भविष्यमा चलाउन नसक्ने भएकोले सञ्चालन अनुमतिपत्र खारेजका लागि संलग्न कागजात राखी दरखास्त दिएको छु/छौं । व्यहोरा बुझी दर्ता प्रमाण-पत्रखारेज गरी लगतकट्टा गरी पाउँ ।

१. सवारी साधन धनीको नाम थरः-
२. ठेगानाः-
३. सवारी साधन नं.-
४. सञ्चालन अनुमति नं.
५. सञ्चालन अनुमति पत्र खारेज वा लगतकट्टा गर्नुपर्नाको कारणः-
६. हराएको नासिएको आदिको व्यहोरा प्रमाण वा सिफारिस पत्रः-
७. सवारी साधन साधन सञ्चालन अनुमतिपत्र-
८. अन्य प्रमाणः-

दरखास्तवालाको

सहीः-

नाम थरः-

ठेगानाः-

मितिः-

कार्यालय प्रयोजनको लागि

सवारी साधनको विस्तृत जाँच गरी दर्ता खारेज गर्नुपर्ने कारण खोलिएको प्रतिवेदन

...................... ....................

...........................................

सवारी साधन जाँच्ने फाँटवालाको सही सवारी साधन दर्ता खारेज गर्न निर्णय दिने

कर्मचारीको सही

कर्मचारीको सही

द्रष्ट्रव्य :हराएको वा नासिएको व्यहोरा निवेदन परेमा कुनै कार्यालय वा निकायबाट कुनै कारबाही वा अन्य प्रयोजनको लागि नखिचिएको र सो व्यहोरा झुटो भएमा कानून बमोजिम सहुँला/बुझाउँला भनी कबुलियत समेत गराउने ।

अनुसूची-११

दफा १८ को उपदफा (१) सँग सम्बन्धित

## सञ्चालन अनुमति पत्रको प्रतिलिपिको लागि दिइने दरखास्त

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,
बेसीशहर नगरपालिका ,
नगर कार्यपालिकाको कार्यालय,
बेसीशहर, लमजुङ ।

विषय : सवारी साधन संचालन अनुमति पत्रको प्रतिलिपि पाउँ ।

मेरो/हाम्रो नाममा यस पालिकावाट सञ्चालन अनुमति प्राप्त गरको निम्न अनुसारको सवारी साधनको सवारी सञ्चालन अनुमति पत्रको प्रतिलिपि पाउन लाग्ने दस्तुर र आवश्यक प्रमाण समेत यसै साथ संलग्न गरी दरखास्त दिएको छु/छौं । नियमानुसार सञ्चालन अनुमति पत्रको प्रतिलिपि पाँउ ।

१. सवारी साधन धनीको नाम थरः-
२. ठेगानाः-
३. सवारी साधन नं.-
४. सञ्चालन अनुमति पत्र नं.
५. सवारी साधनको किसिमः-
६. प्रतिलिपि लिनुपर्ने कारणः-
७. हराएको नासिएको भएमा सोको मिति र स्थानः-
८. उक्त व्यहोरा प्रमाणित गर्ने आधार प्रमाणः-
९. कुनै कार्यालयको सिफारिस भए सोको विवरण देखिने कागजात
१०. अन्य-

लेखिएको व्यहोरा ठीक साँचो हो । झुट्ठा ठहरे कानून बमोजिम
सहुँला/बुझाउँला ।

निवेदकको

सहीः-

नाम थरः-

ठेगानाः-

मितिः-

कार्यालय प्रयोजनको लागि

रेकर्ड भिडाउँदा सम्पूर्ण व्यहोरा मिल्न गएकोले
प्रतिलिपि दिन सिफारिस गर्ने

........................

...........................................

फाँटवालाको सही

प्रतिलिपि प्रमाणित गर्न अधिकारीको सही

आज्ञाले,
सुमन अधिकारी
प्रमुख प्रशासकिय अधिकृत

मुद्रकः बेसीशहर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय । मूल्य रु.१५।—